apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्ष: १२ ● अंक: २१४ ● पृष्ठ: ४ ● ०४ भदौ २०८३ विहीबार (20 August 2026. Thursday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## मिटरब्याज साहुहरूले भने- 'हाम्रो पैसा फिर्ता नभए, बैंकबाट लिएको ऋण हामी पनि तिर्दैनौं'

**अपन दैनिक संवाददाता**
**काठमाडौं, भदौ ०३ गते**



मिटरब्याज साहुहरु पनि आन्दोलनमा उत्रिएका छन् । सरकार र मिटरब्याज पीडितबीच भएको ९ बुँदे सहमतिप्रति आपत्ति जनाउँदै मिटरब्याज साहुहरु आन्दोलनमा उत्रिएका हुन् ।

उनीहरुले सहमतिमा कपाली तमसुक, दृष्टिबन्धक, राजीनामा र चेक बाउन्स जस्ता सबै प्रक्रियालाई अवैध भनेको भन्दै असन्तुष्टि जनाएका छन् । उनीहरुले साहु र ऋणी दुवै पक्षलाई सँगै राखेर दुवै पक्षको कुरा सुन्नुपर्ने र सहमति सच्याउनुपर्ने माग गरेका छन् ।

उनीहरुले लेनदेन गर्न पाउनुपर्ने र आफूहरुले विभिन्न समयमा दिएको ऋण असुल गर्न पाउनुपर्ने माग गरेका छन् ।

'हामीले दिएको पैसा उठाउन पाउनुपर्छ । ऋणीहरुले खाएको ऋण तिर्नुपर्छ ।', सिरहाका मिटरब्याज साहु महेश्वरप्रसाद यादवले भने, 'सरकारले एकतर्फी निर्णय र सहमति गरेर हुँदैन ।'

त्यस्तै, उनले यदि आफूहरुले दिएको ऋण उठाउन नपाउने हो भने आफूहरुले बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण पनि नतिर्ने बताएका छन् । 'हामीले ऋण दिएका मात्र छैनौं, लिएका पनि छौं ।', उनले भने, 'नियम एकतर्फी हुनु हुँदैन । हामीले दिएको ऋण उठाउन नपाउने हो भने बैंकबाट लिएको ऋण पनि हामी तिर्दैनौं ।'

काठमाडौं केन्द्रित आन्दोलन सुरु गरेका मिटरब्याज साहुहरुले आफ्ना मागहरु पूरा नभएसम्म आन्दोलन नरोक्ने भन्दै प्रधानमन्त्री र गृहमन्त्रीलाई घुँडा टेकाएरै छोड्ने अडान लिएका छन् ।

## मधेशमा १४ चिकित्सक र उच्च तहका कर्मचारीको काज फिर्ता




**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, भदौ ०३ गते**

मधेश प्रदेश सरकारले स्वास्थ्य क्षेत्रका नवौंदेखि एघारौं तहसम्मका १४ जना कर्मचारीलाई दरबन्दी रहेकै कार्यालयमा काज फिर्ता गरेको छ ।

प्रदेश सरकारले लामो समयदेखि दरबन्दी रहेको भन्दा अन्य कार्यालयमा काजमा कार्यरत कर्मचारीलाई दरबन्दी भएको ठाउँमै फर्काउने निर्णय गरिएको हो ।


मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मंगलबार गरेको काज फिर्ता निर्णयमा स्वास्थ्य शिक्षा प्रशासक एघारौं तहका सुरोज चन्द्र न्यौपानेको काज फिर्ता गरेको छ । काजमा आएर स्वास्थ्य निर्देशनालय मधेश प्रदेश कार्यालय सपहीका निर्देशक रहेका उनलाई दरबन्दी भएको प्रदेश स्वास्थ्य तालिम केन्द्र, पथलैयामा काज फिर्ता गरिएको मुख्यमन्त्री कार्यालयले जनाएको छ ।

कार्यालयले उपलब्ध गराएको तथ्यांक अनुसार वरिष्ठ स्वास्थ्य प्रशासकतर्फका दशौं तहका डा. नवलकिशोर झालाई स्वास्थ्य निर्देशनालय, सपहीमा काज फिर्ता गरिएको छ । निर्देशनालयमा दरबन्दी रहेका उनी काजमा स्वास्थ्य कार्यालय सर्लाहीमा प्रमुख थिए ।

इन्टर्नल मेडिसिन तर्फका डा. विपिनकुमार झालाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय फर्काइएको छ । कार्यालयको अतिरिक्तमा राखिएका उनी स्वास्थ्य तथा जनसंख्या

बाँकी पृष्ठ ४ ▸▸

## अमरेश सिरंहले भने- छठपछि तराईमा रास्वपाका सांसदमाथि कुटपिट हुन्छ



**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ ०३ गते**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद अमरेश सिंहले छठ पर्व सकिएपछि रास्वपाका सांसदले मधेशमा जनताको पिटाइ खाने दिन आउने बताएका छन् ।

पार्टी सभापति रवि लामिछानेको निर्देशनमा बुधबार बोलाइएको पार्टी, सांसद र मन्त्रीहरूको छलफलमा उनले यस्तो बताएका हुन् ।

सीमामा कडाइले मधेशीहरूको

बाँकी पृष्ठ २ ▸▸

## भारत-नेपाल सीमा व्यवस्थापन सम्बन्धी बैठक आजदेखि हुँदै

**अपन दैनिक संवाददाता**



**सिरहा ।** नेपाल र भारतबीच सीमा व्यवस्थापन तथा विभिन्न द्विपक्षीय सुरक्षा चासोबारे छलफल हुन लागेको छ ।

बिहीबार र शुक्रबार भारतको देहरादुनमा भारत-नेपाल सीमा व्यवस्थापनसम्बन्धी संयुक्त कार्यदलको १४औं बैठक हुन लागेको हो ।

दुवै देशबीचको खुला सीमामा सुरक्षा चासो बढिरहेका बेला उक्त बैठक हुन लागेको हो । भारतसँग लामो सीमा जोडिएको नेपालको तराई-मधेश क्षेत्रमा हालै भएको अशान्ति र साम्प्रदायिक हिंसाको पृष्ठभूमिमा सुरक्षा चासो सम्बोधन गर्न बैठक दुई दिने बैठक बस्न लागेको हो ।

नेपालका सुरक्षा निकायहरूले सिरहा, सुनसरीसहितका जिल्लामा हालै भएको अशान्ति र साम्प्रदायिक हिंसाका घटना र उक्त घटनामा भारतबाट सञ्चालित व्यक्ति वा समूहबीच प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध रहेको विश्वसनीय प्रमाण फेला नपारे पनि सीमा सुरक्षा तथा अन्य सीमापार सरोकारका विषयले बैठकमा प्राथमिकता पाउने गृह मन्त्रालयका एक वरिष्ठ अधिकारीले बताए ।

धार्मिक कट्टरपन्थ, अशान्ति भड्काउन सम्भावित रूपमा संलग्न हुन सक्ने तेस्रो देशका नागरिकका गतिविधि र उनीहरूको आवागमनको निगरानीलगायत विषयमा बैठकमा छलफल गरिने छ ।

गृह मन्त्रालयको सुरक्षा तथा समन्वय महाशाखा हेर्ने सहसचिव आनन्द काफ्लेले दुईदिने वार्षिक बैठकमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्नेछन् ।

बाँकी पृष्ठ ४ ▸▸

## अग्रगामी मोर्चाको प्रवक्ता बने सीके राउत

**अपन दैनिक संवाददाता**
**काठमाडौं, भदौ ०३ गते**



जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त (सीके) राउतले अग्रगामी मोर्चामा प्रवक्ताको जिम्मेवारी पाएका छन् ।

मोर्चाको मंगलबार बसेको बैठकले उनलाई प्रवक्ताको जिम्मेवारी दिने निर्णय गरेको हो । यसआधारमा राउतले विज्ञप्ति समेत निकालिसकेका छन् ।

मोर्चाले मोर्चाका घटक दलहरू आगामी प्रदेश निर्वाचनसम्म सरकारमा सहभागी नहुने निर्णय समेत लिएका छन् ।

मोर्चामा उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी, डा. चन्द्रकान्त राउतको जनमत पार्टी, प्रभु साहको आम जनता पार्टी छ । नागरिक उन्मुक्ति पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टी, नेपाल संघीय समाजवादी पार्टी, बहुजन एकता पार्टी र खम्बुवान राष्ट्रिय मोर्चा यसमा रहेका छन् ।

नेपालको सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता, भौगोलिक अखण्डता र राष्ट्रिय एकताको संरक्षणप्रति प्रतिबद्ध रही लोकतान्त्रिक, प्रगतिशील, समाजवादी र समावेशी राजनीतिक शक्तिहरूलाई एकताबद्ध गर्ने उद्देश्य रहेको मोर्चाले बताउँदै आएको छ ।

## प्रहरीमाथि ढुंगामुढा गरेको भन्दै पक्राउ गर्न जाँदा परिवारजनद्वारा अवरोध, सुरक्षाकर्मीद्वारा महिलामाथि कुटपिट

**अपन दैनिक संवाददाता**
**रौतहट, भदौ ०३ गते**



रौतहटको बौधिमाई नगरपालिका-८ सरमुजवामा स्थानीय नवलकिशोर यादव र शिवपूजन यादव दाजुभाइलाई पक्राउ गर्न पुगेको सुरक्षाकर्मीको टोलीमाथि अवरोध पुऱ्याएको भन्दै सुरक्षाकर्मीले घरभित्र पसेर वृद्धा र किशोरीमाथि कुटपिट गरेको घटना सार्वजनिक भएको छ । घटना मंगलबार मध्यरातीको हो ।

घटनामा संलग्न सुरक्षाकर्मीलाई कारबाही गर्न पीडितले माग गरेका छन् । सुरक्षाकर्मीले घटना गुपचुप राखेको छ । घटनामा सरमुजवाका ७० वर्षीया बसकलिया देवी र उनकी १६ वर्षीया नातिनी करिश्मा यादव घाइते भएका छन् । उनीहरूको प्रादेशिक अस्पताल गौरमा उपचार भइरहेको छ । दुवैको टाउकोमा चोट लागेको छ ।

मंगलबार राति करिब १२ बजे नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोली स्थानीय नवलकिशोर यादव र शिवपूजन यादवलाई पक्राउ गर्न भनेर उनीहरूको घर पुगेको थियो । ढोका फोडेर सुरक्षाकर्मी घरभित्र प्रवेश गरी यादव दाजुभाइलाई नियन्त्रणमा लिएको थियो । दुवैलाई नियन्त्रणमा लिने क्रममा अवरोध पुऱ्याएकाले परिवारका सदस्यलाई सामान्य चोटपटक लागेको जिल्ला प्रहरीका डीएसपी बसन्त गौतमले बताए ।

'हामीहरू दुवैलाई नियन्त्रणमा लिन यादवको घर गएका थियौं । तर, परिवारका सदस्यहरूबाट अवरोध भएपछि चोट लागेको हो,' उनले भने, 'दुवैलाई नियन्त्रणमा लिएर हामी हिंड्यौं । त्यहाँ सशस्त्र प्रहरी थियो । उनीहरूलाई सोध्नूस् ।'

शिवपुजनकी आमा बसकलिया देवी, श्रीमती सुगान्धी देवी र १६ वर्षीया छोरी करिश्मालाई राती सुरक्षाकर्मीले कुटपिट गरेको परिवारको आरोप छ । पक्राउ गर्ने बहानामा बसकलिया र करिश्माको टाउकोमा चिरपट र भाटाले प्रहार गरेर गम्भीर घाइते बनाएको परिवारजनको आरोप छ । घाइतेमध्ये बसकलियाको टाउकोमा ७ वटा र करिश्माको टाउकोमा ६ वटा टाँका लगाइएको जिल्ला अस्पताल गौरले जनाएको छ ।

सुरक्षाकर्मीलाई आफूहरूले केही

बाँकी पृष्ठ ३ ▸▸



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

## सिरहा असुरक्षित बन्दै गएको हो ?

जिल्ला सदरमुकाम सिरहामा राति ९ बज्न नपाउँदै प्रहरीले बजारका पसल बन्द गराउन थालेको छ। यो विषय सामान्य प्रशासनिक निर्णय मात्र होइन, यसले गम्भीर प्रश्न जन्माएको छ। के सिरहा साँच्चिकै असुरक्षित बन्दै गएको हो ? यदि बजार क्षेत्रमा नागरिक र व्यवसायीलाई राति अबेरसम्म सुरक्षित रूपमा व्यापार-व्यवसाय सञ्चालन गर्ने वातावरण दिन सकिँदैन भने त्यसको प्रत्यक्ष असर सिरहाको आर्थिक गतिविधि, नागरिकको मनोविज्ञान र समग्र बजारको भविष्यमा पर्न सक्छ। शान्ति सुरक्षा कायम गर्नु राज्यको दायित्व हो। चोरी, लुटपाट तथा अन्य आपराधिक गतिविधि नियन्त्रण गर्न प्रहरी परिचालन हुनु स्वाभाविक हो। तर अपराध नियन्त्रणको प्रभावकारी उपाय बजार नै चाँडै बन्द गराउनु हुन सक्दैन। पसल बन्द गराएर अपराध घटाउने प्रयास गर्नु भनेको समस्या समाधान गर्नुभन्दा समस्याबाट भाग्ने उपाय रोज्नुजस्तै हो। यसले उल्टै प्रहरी प्रशासनले बजार क्षेत्रमा पर्याप्त सुरक्षा दिन नसकेको सन्देश प्रवाह गर्न सक्छ।

अझ महत्वपूर्ण कुरा के हो भने ९ बजेपछि पसल बन्द गराउँदै हिँड्ने अभ्यासले सिरहाको बजारलाई असुरक्षित क्षेत्रका रूपमा चित्रित गर्ने जोखिम हुन्छ। गर्मीको समयमा साँझपख मात्र घरबाट निस्कने तथा किनमेल गर्ने नागरिकको संख्या बढ्छ। रोजगारी तथा व्यवसायका कारण दिनभर व्यस्त हुने मानिसका लागि रातिसम्म बजार खुला रहनु आवश्यक पनि हुन्छ। यस्तो अवस्थामा सुरक्षित बजारको वातावरण निर्माण गर्नु राज्यको प्राथमिक जिम्मेवारी हो। यदि पसल बन्द गराउँदा पनि चोरीका घटना अपेक्षित रूपमा घटेका छैनन् भने प्रहरी प्रशासनले आफ्नो रणनीतिको समीक्षा गर्नैपर्छ। कहाँ, कहिले र कसरी चोरीका घटना भइरहेका छन् ? कुन क्षेत्रमा बढी जोखिम छ ? प्रहरीको गस्ती पर्याप्त छ कि छैन ? सीसीटीभी, सडक बत्ती, सूचना संकलन तथा समुदाय-प्रहरी सहकार्यको अवस्था कस्तो छ ? यस्ता प्रश्नको गम्भीर विश्लेषण गरी सुरक्षा रणनीति बनाउन आवश्यक छ।

सिरहालाई सुरक्षित बनाउने जिम्मेवारी जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा सशस्त्र प्रहरी बललगायत सम्बन्धित सुरक्षा निकायको हो। बजार क्षेत्रको जोखिम पहिचान गरी नियमित गस्ती बढाउने, संवेदनशील स्थानमा निगरानी प्रभावकारी बनाउने, स्थानीय व्यवसायी तथा नागरिकसँग समन्वय गर्ने र अपराधमा संलग्न व्यक्तिमाथि कानुनी कारबाही गर्ने कामलाई प्राथमिकता दिनुपर्छ। बजार बन्द गराउनेभन्दा बजार सुरक्षित बनाउने नीति आवश्यक छ। यसका लागि स्थानीय तह र व्यवसायी समुदायको भूमिका पनि उत्तिकै महत्वपूर्ण हुन्छ। सडक बत्ती, सीसीटीभी, पार्किङ व्यवस्थापन, आपत्कालीन सम्पर्क प्रणाली तथा सुरक्षा सम्बन्धी सूचना आदानप्रदानमा स्थानीय सरकार र व्यवसायीले सुरक्षा निकायसँग सहकार्य गर्न सक्छन्। सुरक्षा निकायले पनि व्यवसायीलाई सम्भावित जोखिमबारे सचेत गराउँदै विश्वासको वातावरण निर्माण गर्नुपर्छ। सिरहाको बजार मध्यरातसम्मै खुल्नुपर्छ भन्ने कुरा अपराधलाई बेवास्ता गरी भन्न खोजिएको होइन। बरु सुरक्षा र आर्थिक गतिविधि एकअर्काका विरोधी होइनन् भन्ने मान्यताका साथ बजारलाई सुरक्षित र व्यवस्थित रूपमा सञ्चालन गर्ने वातावरण निर्माण गर्नुपर्छ भन्ने हो। नागरिकले आफू सुरक्षित छु भन्ने अनुभूति गर्न सके बजार स्वतः चलायमान हुन्छ। बजार चलायमान हुँदा व्यापार बढ्छ, रोजगारी सिर्जना हुन्छ र स्थानीय अर्थतन्त्र बलियो हुन्छ।

त्यसैले पसल कति बजे बन्द गर्ने भन्ने होइन। सिरहाको बजारलाई कसरी सुरक्षित बनाउने भन्ने हुनुपर्छ। सुरक्षा दिन नसकेर व्यवसाय बन्द गराउनु राज्यको सफलताको सूचक होइन। अपराधीलाई नियन्त्रणमा लिएर नागरिकलाई निर्भय रूपमा व्यापार, व्यवसाय र आवतजावत गर्ने वातावरण दिन सक्नु नै सुरक्षा व्यवस्थाको वास्तविक सफलता हो। सिरहालाई साँझ परेपछि सुनसान बनाउने होइन, सुरक्षा व्यवस्थालाई बलियो बनाएर रातिसम्मै जीवन्त बनाउनेतर्फ प्रशासन र सुरक्षा निकाय अघि बढ्नुपर्छ। सिरहाको बजार बन्द होइन, सुरक्षित हुनुपर्छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं।

# प्रत्यक्ष निर्वाचित कार्यकारी कति उपयुक्त ?

### नेपालको संविधानको मूल संरचनाले संसदीय शासन प्रणालीलाई स्वीकार गरेको छ



✍ **श्यामप्रसाद मैनाली**

लोकतन्त्रको सार निर्वाचन होइन। निर्वाचनबाट प्राप्त जनादेशलाई स्थिर, उत्तरदायी, प्रभावकारी र संविधानसम्मत शासनमा रूपान्तरण गर्न सक्नु लोकतन्त्रको सफलता हो। नेपालमा विगतमा सरकार बन्ने र ढल्ने क्रम, गठबन्धनको अस्थिरता, राजनीतिक दलभित्रको शक्ति संघर्ष, मन्त्रिपरिषद् गठनमा हुने भागबन्डा र दीर्घकालीन नीति कार्यान्वयनमा देखिएको कमजोरीका कारण प्रत्यक्ष निर्वाचित कार्यकारीको बहस पटक पटक उठ्दै आएको छ।

तर प्रत्यक्ष निर्वाचित कार्यकारीको बहस गर्दा कस्तो कार्यकारी ? प्रत्यक्ष निर्वाचित राष्ट्रपति कि प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री ? अथवा राष्ट्रपति र प्रधानमन्त्री दुवैको अधिकार बाँडिएको अर्धराष्ट्रपतीय प्रणाली ? यसमा पनि स्पष्ट हुनु आवश्यक छ।

नेपालको वर्तमान संविधानले संसदीय शासन प्रणाली अंगीकार गरेको छ। राष्ट्रपति राष्ट्राध्यक्ष हुन् भने कार्यकारी अधिकार मन्त्रिपरिषद्मा निहित छ। राष्ट्रपति जनताबाट प्रत्यक्ष निर्वाचित हुने व्यवस्था छैन। संघीय संसद् र प्रदेश सभाका सदस्य सम्मिलित निर्वाचन मण्डलबाट राष्ट्रपति निर्वाचित हुन्छन्। संविधानको धारा ६१ ले राष्ट्रपतिलाई राष्ट्राध्यक्षका रूपमा परिभाषित गरेको छ भने धारा ६२ ले राष्ट्रपतिको निर्वाचनसम्बन्धी व्यवस्था गरेको छ।

राष्ट्रपति नै कार्यकारी प्रमुख बनाउने हो भने नेपालको शासन प्रणालीको मूल चरित्र संसदीयबाट राष्ट्रपतीय हुन्छ। त्यस्तै प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको अवधारणा ल्याउँदा पनि वर्तमान संविधानको प्रधानमन्त्री नियुक्ति, मन्त्रिपरिषद् गठन र संसद्प्रतिको उत्तरदायित्वसम्बन्धी आधारभूत संरचनामा व्यापक परिवर्तन गर्नुपर्छ।

त्यसैले यो प्रश्नको उत्तर भावनात्मकरूपमा नभएर संवैधानिक व्यवस्था, अन्तर्राष्ट्रिय अनुभव, नेपालको राजनीतिक संस्कृति, संघीय संरचना, शक्ति सन्तुलन र विगतको शासन अनुभवलाई आधार बनाएर खोजिनुपर्छ।

**संसदीय प्रणालीको वर्तमान अवस्था**

नेपालको संविधानको मूल संरचनाले संसदीय शासन प्रणालीलाई स्वीकार गरेको छ। राष्ट्रपति राष्ट्राध्यक्ष हुन् र कार्यकारी शासन मन्त्रिपरिषद्मार्फत सञ्चालन हुन्छ। राष्ट्रपतिको भूमिका मूलतः संविधानको संरक्षण, राष्ट्रिय एकताको प्रवर्द्धन र संवैधानिक कार्यहरूको निर्वाहसँग सम्बन्धित छ। राष्ट्रपतिको अधिकांश कार्य मन्त्रिपरिषद्को सिफारिस र सहमतिमा हुने संवैधानिक व्यवस्था छ।

प्रधानमन्त्री भने प्रतिनिधि सभामा बहुमत प्राप्त दलको नेता वा संविधानको धारा ७६ अनुसार प्रतिनिधि सभाको विश्वास प्राप्त गर्न सक्ने सदस्यबाट नियुक्त हुने व्यवस्था छ। यसले प्रधानमन्त्रीको वैधानिक शक्ति प्रत्यक्ष जनमतबाट होइन, प्रतिनिधि सभामा प्राप्त राजनीतिक समर्थनबाट निर्माण हुन्छ। अर्थात् नेपाली मतदाताले अहिले प्रधानमन्त्रीलाई छुट्टै मतदान गर्दैनन्। मतदाताले प्रतिनिधि सभाका सदस्य छान्छन् भने प्रतिनिधि सभाको संरचनाबाट प्रधानमन्त्री तथा सरकार निर्माण हुन्छ। यही व्यवस्थामा परिवर्तन गरी प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था गरिनुपर्छ भन्ने माग हुँदै आएको हो।

राजनीतिक अस्थिरताका कारण असन्तुष्ट बनेका नागरिकहरूले यस प्रकारको व्यवस्थाबाट राजनीतिक स्थिरता खोजेका छन्। जनताले पाँच वर्षका लागि आफ्नो प्रधानमन्त्री वा राष्ट्रपति छानून्, उसलाई बीचमा दलगत समीकरणले हटाउन नसकोस् र उसले स्पष्ट जनादेशका आधारमा सरकार चलाओस् भन्ने तर्क यसका पक्षमा छ।

तर अर्को कोण पनि उत्तिकै महत्त्वपूर्ण छ। प्रत्यक्ष निर्वाचित कार्यकारीले संसद्को नियन्त्रण कमजोर पार्न सक्छ, शक्ति अत्यधिक केन्द्रीकृत हुन सक्छ र कमजोर संस्थागत संरचना भएको देशमा निर्वाचित व्यक्ति नै अधिनायक शासक बन्न सक्छ। त्यसैले दुवै तर्कलाई गम्भीरतापूर्वक परीक्षण गर्नु आवश्यक छ।

यहाँको बहसलाई प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको अवधारणामा केन्द्रित गरौं।

**प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति**

प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणालीमा जनताले राष्ट्रपतिलाई प्रत्यक्ष मतदान गरेर निर्वाचित गर्छन्। राष्ट्रपति नै राष्ट्राध्यक्ष तथा सरकार प्रमुख हुन्छन्। संयुक्त राज्य अमेरिका यसको प्रमुख उदाहरण हो।

यस्तो प्रणालीमा राष्ट्रपति र संसद् अलग अलग जनादेशबाट निर्वाचित हुन्छन्। राष्ट्रपतिलाई सरकार बनाउन संसद्को विश्वास आवश्यक हुँदैन। त्यसैले संसद्मा सरकारविरुद्ध अविश्वास प्रस्ताव पारित भएर मात्र राष्ट्रपति पदबाट हट्ने अवस्था सामान्यतः हुँदैन। यसको एउटा प्रमुख फाइदा राजनीतिक स्थिरता र स्पष्ट जनादेश हो।

तर यसको ठूलो जोखिम शक्तिको केन्द्रीकरण हो। प्रत्यक्ष निर्वाचित राष्ट्रपतिले प्राप्त गर्ने लोकतान्त्रिक वैधता महत्त्वपूर्ण भए पनि राष्ट्रपतीय प्रणालीको सफलता प्रत्यक्ष निर्वाचनमा मात्र निर्भर हुँदैन। निर्वाचन प्रणाली, दल प्रणाली, संसद्, न्यायपालिका, संवैधानिक नियन्त्रण र संस्थागत सन्तुलन पनि उत्तिकै महत्त्वपूर्ण हुन्छन्।

**अन्तर्राष्ट्रिय अनुभवबाट सिक्नुपर्ने पाठ**

नेपालको सन्दर्भमा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीभन्दा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति वा स्पष्ट रूपमा परिभाषित अर्धराष्ट्रपतीय प्रणालीबारे बहस तुलनात्मक रूपमा बढी सुस्पष्ट हुन सक्छ। अन्तर्राष्ट्रिय उदाहरणहरूले प्रत्यक्ष निर्वाचन आफैँमा शासनको सफलताको ग्यारेन्टी होइन भन्ने देखाउँछन्।

संयुक्त राज्य अमेरिकाले सन् १७८९ देखि राष्ट्रपतीय प्रणाली सञ्चालन गर्दै आएको छ। राष्ट्रपति सरकारका प्रमुख र राष्ट्राध्यक्ष दुवै हुन्। राष्ट्रपति र कांग्रेस अलग अलग निर्वाचित हुन्छन्। यसको उल्लेखनीय विशेषता शक्ति विभाजन हो।

राष्ट्रपति शक्तिशाली त छन् तर असीमित छैनन्। कांग्रेसले बजेट र कानुन निर्माणमा नियन्त्रण गर्छ। सर्वोच्च अदालतले संवैधानिक पुनरावलोकन गर्न सक्छ। राज्य सरकारका आफ्नै संवैधानिक अधिकार छन्। स्वतन्त्र र जीवन्त सञ्चारमाध्यम, नागरिक समाज र निर्वाचन प्रणालीले पनि कार्यकारी शक्तिमाथि विभिन्न प्रकारका नियन्त्रण कायम गर्छन्।

यसैले अमेरिकी अनुभवको मुख्य पाठ हो–प्रत्यक्ष निर्वाचित कार्यकारी सफल हुन सक्छ तर त्यसका लागि कार्यकारीभन्दा बाहिरका संवैधानिक नियन्त्रण र सन्तुलन पनि बलियै हुनुपर्छ।

अमेरिकाकै पछिल्लो राजनीतिक ध्रुवीकरणले अर्को पाठ पनि सिकाएको छ। प्रत्यक्ष निर्वाचित राष्ट्रपति प्रणालीमा सम्पूर्ण राष्ट्रिय राजनीति एउटै व्यक्तिको निर्वाचन वरिपरि केन्द्रित हुन सक्छ। राष्ट्रपति पदको चुनावमा समाज तीव्र रूपमा ध्रुवीकृत हुने जोखिम पनि रहन्छ। अर्थात् अमेरिकी प्रणालीको सफलता प्रत्यक्ष निर्वाचनमात्रको सफलता होइन। दुई सयभन्दा बढी वर्षमा विकसित लोकतान्त्रिक संस्थाहरूको पनि सफलता हो।

दक्षिण कोरियाको अनुभव पनि नेपालका लागि महत्त्वपूर्ण छ। त्यहाँ शक्तिशाली राष्ट्रपतीय प्रणाली छ तर संवैधानिक संस्थाहरूले राष्ट्रपतिमाथि नियन्त्रण गर्न सक्ने क्षमता पनि देखाएका छन्।

पूर्वराष्ट्रपति युन सुक योलले सन् २०२४ मा मार्सल ल घोषणा गरेपछि संसद्को महाभियोग र संवैधानिक अदालतको प्रक्रियाबाट उनी पदमुक्त भए। दक्षिण कोरियाको संवैधानिक अदालतले २०२५ अप्रिल ४ मा सर्वसम्मत निर्णयबाट उनको पदमुक्ति कायम गरेको थियो।

यस घटनाले प्रत्यक्ष निर्वाचित राष्ट्रपति शक्तिशाली भए पनि संसद्, अदालत र अन्य लोकतान्त्रिक संस्थाहरू सक्रिय भएमा कार्यकारीमाथि संवैधानिक नियन्त्रण सम्भव हुन्छ भन्ने देखाएको छ। त्यसपछि दक्षिण कोरियामा राष्ट्रपतिको अधिकार पुनर्सन्तुलन गर्ने विषयमा बहस पनि तीव्र भयो। सन् २०२५ मा गरिएको ग्यालप कोरिया सर्वेक्षणमा ६७ प्रतिशत सहभागीले संवैधानिक परिवर्तनको पक्षमा मत दिएको रिपोर्ट सार्वजनिक भएको थियो।

यसबाट नेपालले सिक्नुपर्ने पाठ स्पष्ट छ - कार्यकारीलाई प्रत्यक्ष जनादेश दिनुमात्र पर्याप्त हुँदैन। उसलाई संवैधानिक सीमाभित्र राख्ने व्यवस्था पनि उत्तिकै बलियो हुनुपर्छ।

यसविपरीत अनुभव भेनेजुएलाले देखाउँछ। ह्युगो चाभेज सन् १९९८ मा लोकप्रिय जनादेशसहित राष्ट्रपति बने। प्रारम्भमा उनले ठूलो जनसमर्थन पाए। तर समयक्रममा कार्यकारी शक्तिको विस्तार, न्यायपालिका तथा अन्य संस्थामाथि प्रभाव, विपक्षी शक्तिमाथिको दबाब र संवैधानिक नियन्त्रण कमजोर हुँदै गए। भेनेजुएलाको समस्या राष्ट्रपति प्रत्यक्ष निर्वाचित भएकाले मात्र उत्पन्न भएको होइन। कमजोर संस्था, कमजोर नियन्त्रण प्रणाली, राजनीतिक ध्रुवीकरण र कार्यकारी शक्तिको असाधारण विस्तार त्यसका प्रमुख कारण हुन्।

बाँकी पृष्ठ ३ ▸▸

## अमरेश सिरंहले भने- छठपछि तराईमा ..........

दैनिक जीवन गाह्रो हुँदै गएकोले अब झन् झन् समस्या आउन सक्ने उनले बताए।

सीमा पारबाट सामान ल्याउन एक सय रुपैयाँ सम्मलाई भन्सार महसुल छुट दिइएको छ। तर त्योभन्दा बढीको सामान खरिद गर्नेहरूसँग भन्सार शुल्क लिन थालेको थियो। सरकारले यो व्यवस्थालाई कडाइ साथ लागु गरेपछि मधेशमा विरोध भएको थियो।

सर्वोच्च अदालतमा यस सम्बन्धी रिट दायर भएपछि नागरिकलाई सम्मानजनक व्यवहार गर्न अन्तरिम आदेश जारी गरेको थियो। यो शुल्कले अप्ठ्यारो परेको भनेर व्यापक विरोध भएपछि सरकारले अहिले यसमा केही खुकुलो बनाएको छ।

यसै सन्दर्भमा सरकारले धेरै किसिमका गल्ती गरिरहेको बताएको स्रोतले बतायो।

'मलाई एक हप्ता दिनुहोस् म सरकारका १ सय गल्ती निकालिदिन्छु' उनको भनाइ उद्धृत गर्दै स्रोतले भन्यो, 'मधेशमा त छठ पर्व सकिएपछि रास्वपाका सांसदले पिटाइ खाने दिन आउँदैछन्।'

उनी सर्लाही ४ बाट रास्वपाका सांसद हुन्।

## आजको राशिफल

**मेष** : आजको दिन आत्मविश्वास बढ्नेछ। रोकिएका काम अघि बढ्नेछन्। नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ।

**बृष** : मेहनतअनुसार राम्रो परिणाम प्राप्त हुने दिन छ। व्यापार तथा व्यवसायमा लाभको सम्भावना छ।

**मिथुन** : नयाँ योजना बनाउन अनुकूल समय छ। काममा व्यस्तता बढे पनि सफलता हात पर्नेछ।

**कर्कट** : मनमा रहेका केही अन्योल हट्नेछन्। काममा वरिष्ठ व्यक्तिको सहयोग प्राप्त हुनेछ।

**सिंह** : नेतृत्व क्षमता देखाउने अवसर प्राप्त हुनेछ। कार्यालय तथा व्यवसायमा तपाईंको कामको प्रशंसा हुन सक्छ।

**कन्या** : आज मेहनत र धैर्यको राम्रो परिणाम प्राप्त हुनेछ। अध्ययन तथा रोजगारीका क्षेत्रमा प्रगतिको सम्भावना छ।

**तुला** : महत्वपूर्ण निर्णय लिनुपर्ने अवस्था आउन सक्छ। हतारमा निर्णय नगरी सबै पक्ष विचार गर्नु राम्रो हुनेछ।

**वृश्चिक** : आज आत्मबल बढ्नेछ र कठिन काम पनि पूरा गर्ने क्षमता रहनेछ।

**धनु** : नयाँ काम सुरु गर्न अनुकूल दिन छ। साथीभाइ तथा सहकर्मीबाट सहयोग प्राप्त हुनेछ।

**मकर** : काममा केही चुनौती आए पनि धैर्य राख्नुभयो भने सफलता प्राप्त हुनेछ।

**कुम्भ** : सिर्जनात्मक काममा रुचि बढ्नेछ। नयाँ योजना तथा अवसरले भविष्यका लागि राम्रो बाटो खोल्न सक्छ।


**मीन** : आजको दिन मिश्रित रहनेछ। काममा केही ढिलाइ भए पनि अन्ततः सफलता प्राप्त हुनेछ।

**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस्।**



**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# विवाहको उमेर २० वर्षबाट नघटाउन आग्रह



**काठमाडौं, भदौ ०३ गते ।** विवाह गर्ने विद्यमान कानुनी उमेर २० वर्ष नै कायम राख्न सरोकारवालाले जोड दिएका छन् । बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप) ले बुधबार काठमाडौंमा आयोजना गरेको दुई दिने बालअधिकार सिकाइ-सम्मेलनको दोस्रो दिन बालविवाह अन्त्यसम्बन्धी राष्ट्रिय संवादमा विवाहको उमेर घटाउन नहुने धारणा व्यक्त गरिएको हो ।

विवाहको न्यूनतम उमेर २० वर्षबाट घटाएर १८ वर्ष कायम गर्ने विद्यमान कानुनमा संशोधनको प्रस्ताव ल्याउनुभन्दा बालविवाह अन्त्यका लागि प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका हुन् ।

कार्यक्रममा राष्ट्रियसभा सदस्य रोशनी मेचेले बालविवाह न्यूनीकरणमा सीमित नभई यसको पूर्ण अन्त्यका लागि सबै क्षेत्रको साथ र सहयोग आवश्यक रहेको बताइन् । केन्द्रीय बालकल्याण समितिका पूर्वकार्यकारी निर्देशक तारक धितालले विवाहको कानुनी उमेर घटाउँदा बालबालिकाको शैक्षिक, मानसिक, आर्थिक तथा सामाजिक जीवनमा नकारात्मक असर पर्नुका साथै प्रजनन स्वास्थ्यमा समेत प्रतिकूल प्रभाव पर्न सक्ने विभिन्न अध्ययनले देखाएको बताए ।

उनले चीन, दक्षिण कोरिया र भारतलगायत मुलुकमा २० वर्षपछि विवाह गर्ने कानुनी व्यवस्था रहेको उल्लेख गर्दै नेपाल सरकारले ल्याएको बालविवाह अन्त्यसम्बन्धी रणनीति,

बाँकी पृष्ठ ४ ▶▶

## प्रहरीमाथि ढुंगामुढा गरेको भन्दै पक्राउ ..........

नगरेको र मध्यरातमा घरको ढोका फोडेर आफूहरूमाथि आक्रमण गरेको बसकलिया देवीले बताइन् । ‘राति ढोका फोडेर घरमा प्रवेश गरी आक्रमण गर्नु गम्भीर अन्याय हो,’ उनले भनिन्, ‘घटनाको सत्यतथ्य छानबिन गरी दोषी सुरक्षाकर्मीलाई कारबाही हुनु पर्छ । हामीले न्याय पाउनुपर्छ ।’ सशस्त्र प्रहरी ११ नम्बर गणका डीएसपी रन्जन बुढाथोकीले घटनाबारे अनभिज्ञता प्रकट गरे । ‘के भएको हो म बुझेर भनौंला,’ उनले भने ।

सोमबार भारतको घोडासहनबाट तस्करीको सामान बोकेर नेपाल आउँदै गरेको मोटरसाइकल नियन्त्रणमा लिने क्रममा सुरक्षाकर्मीसित विवाद भएको थियो । त्यसपछि तस्कर समूहसँगै केही स्थानीयले सशस्त्र प्रहरीमाथि ढुंगामुढा र आक्रमणको प्रयास गरेका थिए । आक्रमणमा परी सशस्त्र प्रहरी बल, बीओपी सरमुजवाका प्रहरी निरीक्षक लोकेन्द्र पुलामी मगरको हातको औंलामा चोट लागेको थियो । घटनामा केही सुरक्षाकर्मीसमेत घाइते भएको सशस्त्र प्रहरीका एक जवानले बताए ।

यो घटना सशस्त्र प्रहरीले गुपचुप राखेको थियो । घटनामा नवल र शिवपूजन पनि संलग्न रहेको आरोप लागेको थियो । प्रनि पुलामीले दिएको जाहेरीका आधारमा घटनामा संलग्नको आरोप लागेका यादव दाजुभाइलाई नियन्त्रणमा लिन नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोली मध्यरातमा त्यहाँ पुगेको थियो । पक्राउ परेका नवलकिशोर र शिवपूजन सुरक्षाकर्मीमाथिको आक्रमणको घटनामा संलग्न नरहेको परिवारको दाबी छ ।




## प्रत्यक्ष निर्वाचित कार्यकारी कति ............

यसबाट के स्पष्ट हुन्छ भने जनताबाट प्रत्यक्ष निर्वाचित हुनु लोकतान्त्रिक निरंकुशताबाट स्वतः सुरक्षित हुने उपाय होइन । लोकतान्त्रिक संस्थाहरू कमजोर भएमा जनताले निर्वाचित गरेको व्यक्ति पनि क्रमशः निर्वाचित निरंकुश शासक बन्न सक्छ ।

फ्रान्सले राष्ट्रपतीय र संसदीय प्रणालीका केही विशेषता जोडेको अर्धराष्ट्रपतीय व्यवस्था अपनाएको छ । राष्ट्रपति जनताबाट प्रत्यक्ष निर्वाचित हुन्छन् भने प्रधानमन्त्री संसद्सँग राजनीतिक सम्बन्ध राख्छन् ।

यस प्रणालीले एउटै देशमा दुई प्रकारका जनादेश सिर्जना गर्न सक्छ–राष्ट्रपतिको जनादेश र संसद्को जनादेश । राष्ट्रपति र संसद्मा एउटै राजनीतिक समूहको बहुमत हुँदा प्रणाली प्रभावकारी हुन सक्छ । तर दुवै फरक राजनीतिक शक्तिको नियन्त्रणमा हुँदा राष्ट्रपति र प्रधानमन्त्रीबीच अधिकार तथा नीतिगत टकरावको अवस्था उत्पन्न हुन सक्छ ।

फ्रान्सको अनुभवबाट नेपालले सिक्नुपर्ने पाठ हो–राष्ट्रपति प्रत्यक्ष निर्वाचित भए पनि संसद् र प्रधानमन्त्रीको भूमिका समाप्त गर्न आवश्यक छैन । तर त्यसका लागि संविधानले राष्ट्रपति र प्रधानमन्त्रीका अधिकार स्पष्ट रूपमा छुट्याउनुपर्छ ।

**नेपालको समस्या प्रणालीमा मात्र छ ?**

नेपालको सन्दर्भमा सबैभन्दा महत्त्वपूर्ण प्रश्न हो–हाम्रो राजनीतिक समस्या वास्तवमै शासन प्रणालीको कमजोरी हो कि हामीले बोकेको राजनीतिक संस्कार यसको मूल कारण हो ?

यसको स्पष्ट उत्तर नखोजी प्रत्यक्ष निर्वाचित कार्यकारीको पक्ष वा विपक्षमा निष्कर्षमा पुग्नु उचित हुँदैन ।

नेपालमा सरकार परिवर्तनको समस्या छ । तर सरकार परिवर्तनको कारण संविधानमात्र हो भन्नु भने अधुरो निष्कर्ष हुन्छ । राजनीतिक दलभित्रको लोकतन्त्र कमजोर छ । दलभित्र नेतृत्व परिवर्तन सहज छैन । संसदीय अंकगणितलाई सत्ता बाँडफाँटको माध्यम बनाउने प्रवृत्ति छ । मन्त्री नियुक्तिमा योग्यता र विशेषज्ञताभन्दा राजनीतिक समीकरण निर्णायक हुने गरेको छ । संसद् नीति निर्माणको केन्द्र बन्नुभन्दा सरकार बनाउने र ढाल्ने अंकगणितको केन्द्र बन्ने गरेको छ ।

यस्तो अवस्थामा प्रणाली परिवर्तन गरेरमात्र समस्याको समाधान हुन्छ भन्ने प्रत्याभूति गर्न सकिँदैन ।

आजको राजनीतिक संस्कार उस्तै रह्यो भने प्रत्यक्ष निर्वाचित राष्ट्रपति पनि त्यही राजनीतिक संस्कारबाट आउने व्यक्ति हुन् । व्यक्ति बदलिँदैमा शासन बदलिँदैन । संस्था, नियम र राजनीतिक संस्कार पनि बदलिनुपर्छ ।

**निर्वाचनको नयाँ सन्देश**

नेपालको २०८२ सालमा सम्पन्न प्रतिनिधि सभा निर्वाचनले दिएको सन्देशतर्फ पनि ध्यान दिन जरुरी छ । राष्ट्रिय स्वतन्त्र पार्टीले २७५ सदस्यीय प्रतिनिधि सभामा १८२ सिट जितेको छ–प्रत्यक्षतर्फ १२५ र समानुपातिकतर्फ ५७ । यो प्रतिनिधि सभामा दुईतिहाइ बहुमतभन्दा दुई सिट कम हो ।

यो परिणाम आफैंमा महत्त्वपूर्ण राजनीतिक सन्देश हो । नेपाली मतदाताले पुराना राजनीतिक शक्तिप्रति असन्तुष्टि व्यक्त गर्दै स्पष्ट बहुमतसहितको सरकारको पक्षमा जनादेश दिएको देखिन्छ । तर यसलाई नेपाली मतदाताले अनिवार्यरूपमा प्रत्यक्ष निर्वाचित राष्ट्रपति वा प्रधानमन्त्री नै चाहेका हुन् भन्ने निष्कर्षमा पुऱ्याउनु उचित हुँदैन ।

बरु यस निर्वाचनले अर्को सम्भावना पनि देखाएको छ–विद्यमान संसदीय प्रणालीभित्रै स्पष्ट बहुमतको सरकार निर्माण सम्भव रहेछ । त्यसैले राजनीतिक अस्थिरताको समस्या समाधान गर्न प्रणाली नै परिवर्तन गर्नुपर्ने अनिवार्यता छ कि छैन भन्ने प्रश्न थप गम्भीर ढङ्गले उठाउनुपर्छ ।

अर्कोतर्फ १८२ सिट प्राप्त गर्नु ठूलो जनादेश भए पनि संविधान संशोधनका लागि प्रतिनिधि सभाको संख्यामात्र पर्याप्त हुँदैन । राष्ट्रिय सभामा राष्ट्रिय स्वतन्त्र पार्टीको प्रतिनिधित्व नभएको अवस्थाले संवैधानिक संशोधनको राजनीतिक जटिलता थप स्पष्ट पार्छ । संविधान संशोधनका लागि संघीय संसद्का दुवै सदनमा आवश्यक समर्थन जुटाउनुपर्छ र केही विषयमा प्रदेश सभाको समेत भूमिका हुन्छ ।

त्यसैले प्रत्यक्ष निर्वाचित कार्यकारी ल्याउने विषय संख्या वा कुनै एउटा दलको चुनावी सफलतामा मात्र निर्भर हुन सक्दैन । यसका लागि व्यापक राष्ट्रिय बहस र सम्भव भएसम्म राष्ट्रिय सहमति आवश्यक हुन्छ ।

**प्रत्यक्ष निर्वाचित कार्यकारीका सम्भावित लाभ**

प्रत्यक्ष निर्वाचित कार्यकारीका पक्षमा केही गम्भीर तर्क छन् ।

पहिलो, जनताले प्रधानमन्त्री वा राष्ट्रपतिलाई सीधै चुन्ने भएकाले सरकारको वैधानिकता स्पष्ट हुन्छ । संसद्को सामान्य राजनीतिक समीकरण बदलिँदैमा सरकार ढल्ने अवस्था कम हुन्छ ।

दोस्रो, निश्चित कार्यकालको व्यवस्था भएमा दीर्घकालीन आर्थिक तथा पूर्वाधार योजना कार्यान्वयन गर्न सहज हुन सक्छ । सरकार असफल हुँदा मतदाताले कसलाई जिम्मेवार बनाउने भन्ने पनि स्पष्ट हुन्छ ।

तेस्रो, प्रधानमन्त्री बन्न सांसदहरूको समर्थन खोजिरहनुपर्ने अवस्था नहुँदा सरकार निर्माणमा हुने भागबन्डा घट्न सक्छ । कार्यकारी प्रमुखले देशभरबाट प्राप्त मतका आधारमा राष्ट्रिय जनादेश पाउने भएकाले प्रत्यक्ष रूपमा जनताप्रति जवाफदेही हुने अपेक्षा गर्न सकिन्छ ।

चौथो, गठबन्धनको निरन्तर दबाबबाट मुक्त सरकारले कठिन तर आवश्यक निर्णय लिन सक्ने सम्भावना हुन्छ ।

यी कारणले प्रत्यक्ष निर्वाचित कार्यकारीको मागलाई भावनात्मक वा असंवैधानिक माग भनेर खारेज गर्नु पनि उचित हुँदैन ।

जोखिमलाई पनि उपेक्षा गर्न मिल्दैन, यसका जोखिम भने अझ गम्भीर छन् ।

नेपालमा संस्थागत नियन्त्रण कमजोर छ । शक्तिशाली राष्ट्रपतिले क्रमशः संसद्, न्यायपालिका, प्रशासन र संवैधानिक निकायमाथि प्रभाव विस्तार गर्न सक्छन् । दल र नीति कमजोर तथा व्यक्ति बलियो बन्न सक्छ । लोकप्रियताको आधारमा निर्वाचित नेताले ‘मेरो निर्णय नै जनादेश हो’ भन्ने मानसिकता बनाउन सक्छन् ।

राष्ट्रपति एउटा दलबाट र संसद् अर्को दलबाट निर्वाचित भएमा शासन सञ्चालनमा टकराव हुन सक्छ । नेपालजस्तो बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक समाजमा राष्ट्रव्यापी निर्वाचनबाट ठूलो मतसहित विजयी हुने व्यक्तिले पनि सबै समुदायको समान प्रतिनिधित्व गर्छन् भन्ने आवश्यक छैन ।

राष्ट्रव्यापी प्रत्यक्ष निर्वाचनमा आर्थिक स्रोत, सञ्चारमाध्यम, सामाजिक सञ्जाल र प्रचारशक्तिको प्रभाव अत्यधिक हुन सक्छ । यसले राजनीतिक प्रतिस्पर्धालाई विचार र नीतिभन्दा व्यक्ति तथा स्रोतकेन्द्रित बनाउने जोखिम पनि हुन्छ ।

सबैभन्दा ठूलो प्रश्न भने शक्ति सन्तुलनको हो । अहिले नै कमजोर रहेका संस्थाहरूलाई थप बलियो नबनाई कार्यकारीको अधिकारमात्र बढाउने हो भने त्यसले स्थिर शासन होइन शक्तिको केन्द्रीकरण निम्त्याउन सक्छ ।

**प्रत्यक्ष निर्वाचित राष्ट्रपति ल्याउने हो भने**

त्यसैले नेपालले भविष्यमा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको व्यवस्था रोज्ने निर्णय गरेमा संविधान संशोधनले राष्ट्रपतिको निर्वाचन विधि परिवर्तन गरेरमात्र पुग्दैन । सम्पूर्ण शक्ति संरचनाको पुनर्संरचना गर्नुपर्छ ।

राष्ट्रपतिको पदावधि बढीमा दुई कार्यकालमा सीमित गर्नुपर्छ । संसद् विघटन गर्ने अधिकार अत्यन्त सीमित र स्पष्ट परिस्थितिमा मात्र प्रयोग गर्न सकिने बनाउनुपर्छ ।

संकटकालीन अधिकारको प्रयोगमा स्पष्ट समयसीमा निर्धारण गरिनुपर्छ र त्यस्तो निर्णयलाई न्यायिक पुनरावलोकनयोग्य बनाउनुपर्छ । महाभियोग प्रक्रिया स्पष्ट, व्यावहारिक र प्रभावकारी हुनुपर्छ ।

संवैधानिक परिषद् तथा संवैधानिक निकायहरूलाई कार्यकारीको प्रभावबाट मुक्त राख्ने व्यवस्था आवश्यक हुन्छ । न्यायपालिकालाई कुनै पनि प्रकारको प्रत्यक्ष वा अप्रत्यक्ष हस्तक्षेपबाट सुरक्षित गर्दै वास्तविक स्वतन्त्रता सुनिश्चित गर्नुपर्छ ।

संसद्को बजेट तथा कानुन निर्माण गर्ने अधिकार सुरक्षित हुनुपर्छ । राष्ट्रपतिले संसद्को बहुमतलाई निरन्तर बेवास्ता गर्न नसक्ने संवैधानिक संयन्त्र आवश्यक हुन्छ । राष्ट्रपतिको दल र राज्यबीच स्पष्ट संस्थागत दूरी कायम गर्नुपर्छ ।

प्रशासनलाई राजनीतिक हस्तक्षेपबाट जोगाउने कानुनी व्यवस्था स्पष्ट हुनुपर्छ । निर्वाचन खर्च तथा राजनीतिक दलले संकलन गर्ने चन्दामा कडा पारदर्शिता सुनिश्चित गर्नुपर्छ । अन्यथा प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था राजनीतिक प्रतिस्पर्धालाई अझ महँगो र व्यक्तिकेन्द्रित बनाउने जोखिमपूर्ण प्रयोग बन्न पुग्छ ।

**प्रणालीभन्दा पहिले संस्कार**

प्रत्यक्ष निर्वाचित कार्यकारीको अवधारणा त आकर्षक सुनिन्छ तर यसको संवैधानिक संरचना अत्यन्त जटिल हुन्छ । नेपालको पछिल्लो राजनीतिक अनुभवले पनि शक्ति एक ठाउँमा केन्द्रित हुँदा त्यसको दुरुपयोगको सम्भावना कति गम्भीर हुन सक्छ भन्ने देखाएको छ ।

त्यसैले प्रश्न केवल ‘कुन प्रणाली राम्रो ?’ भन्ने होइन । प्रश्न ‘कुन प्रणालीलाई हामीले लोकतान्त्रिक ढङ्गले सञ्चालन गर्न सक्छौं ?’ भन्ने पनि हो ।

राजनीतिक दलभित्र लोकतन्त्र कमजोर छ, संस्थाहरू कमजोर छन्, विधि र प्रक्रिया मिच्ने प्रवृत्ति छ र व्यक्तिकेन्द्रित राजनीतिको प्रभुत्व छ भने राष्ट्रपतीय प्रणालीले यी सबै समस्या स्वतः समाधान गर्छ भन्ने विश्वास गर्नु भ्रम हुन सक्छ ।

त्यस्तै प्रत्यक्ष निर्वाचित कार्यकारीको सम्भावना नै छैन भन्नु पनि पूर्वाग्रह हुनेछ । विद्यमान संसदीय अभ्यासमा निरन्तर सुधारको प्रयास हुँदाहुँदै पनि राजनीतिक अस्थिरता, सत्ता भागबन्डा, कमजोर जवाफदेहिता र नीतिगत असफलताको समस्या समाधान हुन सकेन भने शासन प्रणालीकै पुनरावलोकन आवश्यक हुन सक्छ ।

तर त्यसका लागि हतारमा निष्कर्ष निकाल्नु हुँदैन । पहिलो चरणमा राजनीतिक दलभित्र लोकतन्त्र बलियो बनाउने, संसद्लाई प्रभावकारी बनाउने, न्यायपालिकाको स्वतन्त्रता सुनिश्चित गर्ने, संवैधानिक निकायलाई सक्षम बनाउने, निर्वाचन प्रणालीमा सुधार गर्ने र प्रशासनलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्ने काम हुनुपर्छ ।

लोकतन्त्र निर्वाचनमा मत हाल्ने प्रक्रियामात्र होइन । लोकतन्त्र संस्थाहरूको शक्ति, विधिको शासन, नागरिक स्वतन्त्रता, उत्तरदायित्व र शक्ति नियन्त्रणको समष्टि हो ।

त्यसैले नेपालमा प्रत्यक्ष निर्वाचित कार्यकारीको बहस आवश्यक छ तर यो बहस ‘स्थिर सरकार चाहियो, त्यसैले राष्ट्रपति प्रत्यक्ष निर्वाचित गरौं’ भन्ने सरल निष्कर्षमा सीमित हुनु हुँदैन । त्यस्तै ‘संसदीय प्रणाली संविधानको मूल व्यवस्था हो, त्यसैले परिवर्तनको प्रश्नै उठाउनु हुँदैन’ भन्ने जड सोच पनि उपयुक्त होइन ।

नेपालले पहिले आफ्नो राजनीतिक संस्कार र संस्थागत क्षमता सुधार्नुपर्छ । त्यसपछि पनि वर्तमान प्रणालीले अपेक्षित स्थायित्व, जवाफदेही र प्रभावकारिता दिन सकेन भने वैकल्पिक शासन प्रणालीबारे गम्भीर संवैधानिक बहस गर्न सकिन्छ ।

शासन प्रणाली जनताको राजनीतिक चेतना, लोकतान्त्रिक संस्कार र संस्थागत क्षमताभन्दा बलियो हुन सक्दैन । प्रत्यक्ष निर्वाचित राष्ट्रपति होस् वा संसदीय प्रधानमन्त्री–कुनै पनि व्यवस्था व्यक्तिको सदाचार, संस्थाको स्वायत्तता र विधिको शासनबिना सफल हुँदैन ।

त्यसैले अहिलेको सही प्रश्न ‘प्रत्यक्ष निर्वाचित कार्यकारी चाहिन्छ कि चाहिँदैन ?’ मात्र होइन । सही प्रश्न हो–नेपाललाई कस्तो कार्यकारी, कस्तो शक्ति सन्तुलन, कस्तो जवाफदेही र कस्तो लोकतान्त्रिक नियन्त्रण भएको शासन प्रणाली चाहिन्छ ? यसको उत्तर भावनाले होइन, अनुभव, तथ्य, संविधान र भविष्यको आवश्यकताले निर्धारण गर्नुपर्छ ।

(नेपाल् सरकारका पूर्वसचिव)

# एमाले सांसदले ‘चिट्ठामा रमाएको सरकार’ भनेपछि आशिकाको नियमापत्ति

**अपन दैनिक संवाददाता**
**काठमाडौं, भदौ ०३ गते**

नेकपा (एमाले) की सांसद साजिदा खातुन सिद्धिकीले सरकार चिट्ठामा रमाइरहेको टिप्पणी गरेपछि सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद आशिका तामाङले नियमापत्ति जनाएकी छिन्।

प्रतिनिधि सभाको बुधबारको बैठकमा एमाले सांसद सिद्धिकीले सरकार चिट्ठामा रमाइरहेको टिप्पणी गरेकी थिइन् । उनले सरकारले सुरुवाती सयमा दिनमा सम्पन्न गर्ने भनी ल्याएको एक सय बुँदे कार्ययोजनाको गम्भीर समीक्षा गर्नुपर्ने समेत बताएकी थिइन्।



सार्वजनिक हितमा रहेर कार्यसम्पदान गर्नु सरकारको पहिलो कर्तव्य र दायित्व भएको टिप्पणी उनको थियो।

‘राजनीति भनेको केवल शक्ति र सत्ता प्राप्त गर्नु मात्र होइन, चुनावमा होमिएर केवल जितहार प्राप्त गर्नुमात्र पनि होइन । चुनावको माध्यमबाट सरकार चलाउनु पनि हो । होइन र सरकार ? नागरिकको असल र सुखि जीवन सुनिश्चित गर्नु हो,’ सांसद सिद्धिकीको भनाइ थियो, ‘सार्वजनिक हितमा रहेर कार्य गर्नु यो सरकारको पहिलो दायित्व र पहिलो कर्तव्य पनि हो । सरकारले ल्याएको सय दिनमा गर्ने भनेर ल्याएको एक सय बुँदाको समीक्षा गर्नुहोस् । कति पास भयो ? कति फेल भयो ? जिम्मेवारी सरकारको हो । चिट्ठामा रमाउने सरकार अब त आँखा खोल । जनातको पीडा बुझ्ने चमेली बन ।’

लगत्तै सांसद रास्वपा सांसद तामाङले नियमापत्ति जनाइन् । उनले आफूहरू चिट्ठामा परेको नभई जनताबाट अनुमोदित भएर आएको बताइन्।

सदनमा चिट्ठामा परेको र चाउचाउमा परेको भन्दै टिप्पणी गर्ने गरेको भन्दै प्रतिपक्षी सांसदहरूप्रति उनको आक्रोश थियो।
सांसद तामाङले सांसद सिद्धिकीको अभिव्यक्ति संसदको अभिलेखबाट हटाउनुपर्ने माग समेत गरेकी छिन्।

# ३ वर्षीय बालिकाको हत्या सम्बन्धमा २ जना पक्राउ, घटनाको विरोधमा स्थानीयको प्रदर्शन

**अपन दैनिक संवाददाता**
**बारा, भदौ ०३ गते**

बाराको जीतपुरसिमरा उपमहानगरपालिका-१, दसधुरेकी तीन वर्षीय बालिका गरिमा चौधरीको बलात्कारपछि हत्या भएको घटनामा प्रहरीले २ जनालाई पक्राउ गरेको छ।

जीतपुरसिमरा-२ घर भएका १६ वर्षीय सुमन थापा र प्रोगेस चौधरीलाई पक्राउ गरेको इलाका प्रहरी कार्यालय सिमराका प्रमुख दिलिप क्षेत्रीले जानकारी दिए। जिल्ला प्रहरी कार्यालय कलैयामा पत्रकार सम्मेलन गरेर घटनाबारे सार्वजनिक गरिने उनको भनाइ छ।

इलाका प्रहरी कार्यालय सिमराका अनुसार घटनामा संलग्न थापा र चौधरी म्याजिक चलाउने सवारी चालक तथा सहचालक हुन् । प्रहरीका अनुसार थापाले बालिकालाई चकलेटको प्रलोभन देखाएर सुनसान रहेको घरमा लगेको र बलात्कारपछि हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

साउन ३१ गते बेपत्ता भएकी बालिकालाई सोही दिन हत्या गरेको बयान आरोपितले प्रहरी समक्ष दिएका छन् । बालिकाको शव भने अहिले परीक्षणका लागि कलैयास्थित प्रादेशिक अस्पतालमा राखिएको छ।




बालिकाको शव फेला परेको केही बेरमै प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो।

३ वर्षीय बालिकाको बलात्कारपछि हत्या भएको घटनाको विरोधमा स्थानीयले बुधबार बिहान १० बजेदेखि नै पथलैया-वीरगन्ज सडकखण्डमा प्रदर्शन गरेका छन् । उनीहरूले दोषीमाथि कडा कारबाहीको माग राख्दै राजमार्गमा टायर बालेर प्रदर्शन गरेका हुन्।

अपन दैनिक
❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३–५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म




## विवाहको उमेर २० वर्षबाट नघटाउन ..............

२०७२ को प्रभावकारी कार्यान्वयनमा तीनै तहका सरकार तथा निजी क्षेत्रले सहकार्य गर्नुपर्नेमा जोड दिए।

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव चक्रबहादुर बुढाले बालविवाहले विकराल रूप लिन सक्ने भएकाले यसको अन्त्यका लागि सरकारले विभिन्न प्रयास गरिरहेको जानकारी दिए।

राष्ट्रिय मानवअधिकार आयोगकी उपसचिव गीता दाहालले बालविवाहलाई निरुत्साहित गर्न राज्यसँगै परिवार, समुदाय र सम्बन्धित सबै पक्षको भूमिका महत्वपूर्ण रहेको बताइन्।

नेपालको संविधानको धारा ३० ले बालबालिकालाई बालविवाह गर्न बाध्य पार्न नहुने व्यवस्था गरेको छ। त्यसैगरी मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ ले २० वर्ष उमेर नपुगी गरिने विवाहलाई दण्डनीय कसुरका रूपमा व्यवस्था गरेको छ।

सिजपका अध्यक्ष तिलोत्तम पौडेलले कम उमेरमा विवाह गरी सन्तान जन्माउँदा मातृ तथा शिशु स्वास्थ्यमा जोखिम बढ्नुका साथै जन्म तथा मृत्यु दरमा समेत प्रतिकूल असर पर्न सक्ने बताए।

सम्मेलनको पहिलो दिन बालबालिकाका लागि विनियोजित बजेटको कार्यान्वयन र उपलब्धिको नियमित लेखापरीक्षण आवश्यक रहेकामा सांसद, विज्ञ र सरोकार भएकाहरूले जोड दिए।

प्रतिनिधिसभा सदस्य एवं महिला तथा सामाजिक मामिला समितिका सदस्य ज्ञानु पौड्यालले बाल उत्तरदायी बजेटको व्यवस्था भए पनि त्यसको प्रभावकारी लेखापरीक्षण हुन नसकेको उल्लेख गर्दै बालबालिकाका लागि विनियोजित बजेटको कार्यान्वयन र उपलब्धिको नियमित लेखापरीक्षण आवश्यक रहेको बताइन्।

‘बाल उत्तरदायी बजेट राखिएको छ। त्यसको लेखापरीक्षण हुन सकेको छैन। त्यो हुन जरुरी छ। लेखापरीक्षण भए बालबालिकाको क्षेत्रमा कति विकास भयो भन्ने थाहा हुन्छ’ उनले भनिन्।

सांसद पौड्यालले बाल सुधारगृहमा रहेका बालबालिकाको अवस्था सुधार गर्न आवासीय विद्यालय सञ्चालनका लागि पहल सुरु गरिएको जानकारी दिइन्।

राष्ट्रिय योजना आयोगका सदस्य रेशु अर्याल ढुङ्गानाले बालबालिका बेचबिखनको पूर्ण अन्त्य हुनुपर्ने तथा बालबालिकाको अधिकार व्यवहारमै सुनिश्चित गर्नुपर्नेमा जोड दिइन्।

राष्ट्रिय मानवअधिकार आयोगका पूर्वसदस्य गौरी प्रधान, राष्ट्रिय बालअधिकार परिषद्का सदस्यसचिव दुर्गाप्रसाद चालिसे, केन्द्रीय बालकल्याण समिति पूर्वकार्यकारी निर्देशक तारक धिताल तथा गैरसरकारी संस्था महासङ्घका अध्यक्ष अर्जुन भट्टराईलगायतले बालबालिकाको सुरक्षा, संरक्षण र अधिकार सुनिश्चित गर्न राज्य तथा सरोकारवाला सबै पक्ष गम्भीर बन्नुपर्ने धारणा राखे। रासस




## मधेशमा १४ चिकित्सक र उच्च तहका ............

मन्त्रालयमा काजमा कार्यरत थिए।

प्रादेशिक अस्पताल गौर, रौतहटमा दरबन्दी रहेका जनरल फिजिसियन डा. सञ्जीतकुमार झा, बालरोग विशेषज्ञ डा. रवीन्द्रकुमार साह, रेडियोलोजिस्ट डा. गिरीरञ्जन प्रधान, एनेस्थेसियोलोजिस्ट डा. रौशनकुमार साह र मनोचिकित्सक डा. दिव्यांशु झालाई प्रादेशिक अस्पताल गौरमा काज फिर्ता गरिएको छ।

दरबन्दी गौर अस्पतालमा रहेका उनीहरू काजमा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत रहेको प्रादेशिक अस्पताल जनकपुरमा कार्यरत्त थिए।

त्यसैगरी प्रादेशिक अस्पताल मलंगवा, सर्लाहीमा दरबन्दी रहेका बालरोग विशेषज्ञ डा. जितेन्द्र जयसवाल र गाइनोक्लोजिष्ट डा. बृजमोहनकुमार रजकलाई पनि सम्बन्धित दरबन्दी कायम रहेको कार्यालयमा फिर्ता गरिएको छ। उनीहरू प्रादेशिक अस्पताल जनकपुरमै लामोसमयदेखि काजमा कार्यरत थिए।

प्रादेशिक अस्पताल कलैया, बारामा दरबन्दी रहेका बालरोग विशेषज्ञ डा. विकासकुमार साह र एनेस्थेसियोलोजिस्ट डा. संदीप शर्मालाई पनि काज फिर्ता गरिएको छ। उनीहरू पनि प्रादेशिक अस्पताल जनकपुरमा काजमा कार्यरत थिए।

यस्तै, प्रादेशिक अस्पताल सिरहामा दरबन्दी रहेका जनरल मेडिसिन तर्फका डा. कृष्णकुमार यादव र अर्थोपेडिक सर्जन डा. रवि श्रीवास्तवलाई समेत दरबन्दी भएकै स्थानमा फर्काइएको छ । यादव प्रादेशिक अस्पताल जनकपुरमा कार्यरत थिए भने श्रीवास्तव डा. श्रीवास्तव जलेश्वरमा थिए।

विभिन्न स्थानमा दरबन्दी भएपनि पछिल्लो समय प्रदेश राजधानी जनकपुरधामस्थित प्रादेशिक अस्पताल जनकपुरमा चिकित्सकहरू बस्न बढी रुचाउने गरेका छन्। यही कारण अन्यत्रबाट काजमा आएर बस्ने गरेको देखिन्छ।

त्यस्तै, अन्यत्र दरबन्दी भएपनि मालदार अड्डामा काजमा गएर बस्ने प्रवृत्ति पनि रहेको छ । यी विकृतिहरूलाई हटाउने प्रयास स्वरूप दरबन्दी भएकै स्थानमा कामकाज गर्ने गरी काजफिर्ताको नीति लिएको सरकारको दाबी छ।

## भारत-नेपाल सीमा व्यवस्थापन सम्बन्धी बैठक ...............

सीमापार आपराधिक गतिविधि, तेस्रो देशका नागरिकको प्रवेश तथा आवागमन, तस्करी, भारतबाट नेपालतर्फ हुने लागुऔषध ओसारपसार तथा हतियार र गोलीगट्ठाको अवैध कारोबार बैठकको एजेन्डामा राखिएको छ।

नक्कली नोटको कारोबार, नेपाल र भारतका सुरक्षा निकायबीच सूचना आदानप्रदान, सीमा नियमन, दशगजा क्षेत्रमा भएका अतिक्रमण हटाउने तथा अनधिकृत व्यापार पनि एजेन्डामा छन्।

नेपाली सुरक्षा निकायलाई भारतले गर्दै आएको सहयोग, सूचना आदानप्रदान, नेपालको सुरक्षा संस्थाको क्षमता अभिवृद्धि तथा नेपालको राष्ट्रिय परिचयपत्रलाई वैध यात्रा दस्तावेजका रूपमा मान्यता दिन भारतसँग गरिएको अनुरोध पनि बैठकको एजेन्डामा छन्।

नेपाली पक्षका प्रमुख जिल्ला अधिकारी तथा भारतीय पक्षका जिल्ला मजिस्ट्रेट, साथै सशस्त्र प्रहरी बल र भारतको सशस्त्र सीमा बल संलग्न तल्लो तहका सुरक्षा संयन्त्रबाट भएका निर्णयहरूको समेत दुवै पक्षले समीक्षा गर्नेछन्।

नेपाल र भारतले सीमा जिल्लाका सुरक्षा सम्बन्धी विषय सम्बोधन गर्न स्थानीय तहमा स्थायी संयन्त्रका रूपमा सीमा जिल्ला समन्वय समिति पनि गठन गरेका छन्।

गत वर्ष पोखरामा भएको १३औं बैठकयता भएका प्रगतिसमेत यस बैठकमा समीक्षा गरिनेछ।

